नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८१/०८२

चलानी नं.:- ४१२

मितिः-२०८२/०३/०१

नेपाल संवत् ११४५

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

विषयः- राष्ट्रिय सूचना दिवस मनाउने निर्णय सम्बन्धमा ।

राष्ट्रिय सूचना आयोगको च.नं. ४१६, मिति २०८२/०२/२१ को राष्ट्रिय सूचना दिवस मनाउने निर्णय सम्बन्धी पत्र र सोसाथ प्राप्त निर्णयहरु आवश्यक जानकारी यसैसाथ संलग्न गरी पठाएको व्यहोरा आदेशानुसार अनुरोध छ।

३/१

..................

(दीपेश कट्टेल)

शाखा अधिकृत

**बोधार्थः-**

श्री राष्ट्रिय सूचना आयोग, काठमाण्डौं।

श्री सूचना प्रविधि शाखाः- Website मा Upload गरिदिनु हुन।

सिंहदरबार, काठमाडौं फोन नं:- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेवसाईटः- www.mofaga.gov.np

# राष्ट्रिय सूचना आयोग

काठमाडौं

राष्ट्रिय सूचना आयोग
२०६५

प. सं. ०८१/८२

च. नं. ४१८

☏ ०१-४५९३९८४
०१-४५९६५४४

मितिः२०८२।०२।२१

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ६९०६
दर्ता मितिः- २।२८

श्री महानगरपालिका (सबै)
श्री उपमहानगरपालिका (सबै)
श्री नगरपालिका (सबै)
श्री गाउँपालिका (सबै)।

विषयः राष्ट्रिय सूचना दिवस मनाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा भाद्र ३ गते राष्ट्रिय सूचना दिवस मनाउदै आएको व्यहोरा विदितै छ ।माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूको अध्यक्षतामा बसेको संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समिति (सञ्चार तथा सूचना प्रविधि क्षेत्र) को मिति २०८१ चैत्र १७ गते बसेको बैठकबाट राष्ट्रिय सूचना दिवस देशव्यापीरुपमा मनाउने तथा सूचनाको हकको प्रबर्द्धन, कार्यान्वयन, अनुगमन र क्षमता विकासमा सहयोग पुग्ने कार्यक्रमहरु आगामी आर्थिक बर्षहरुको बार्षिक बजेटमा समावेस गर्ने निर्णय भएको र सो निर्णय कार्यान्वयन गर्न मिति २०८२।०२।२१ मा आयोगबाट निर्णय भएकोले दुवै निर्णयहरुको प्रतिलिपि यसै पत्रसाथ संलग्न गरी आवश्यक कार्यान्वयनको लागि पठाइएको व्यहोरा अनुरोध छ।

(देवेन्द्र कार्की)
उप-सचिव

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार ।

श्री स्थानीय तह समन्वय शाखा

स्थानीय तह क्षमता विकास महाशाखा
दर्ता नं. ३५३
मितिः २०८२।२।२५

बैठक नं. ३११(४)८
मिति: २०८२।०२।२१

## निर्णयहरु

**निर्णय नं १.** प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा माननीय सूचना तथा सञ्चार मन्त्री माननीय पृथ्वीसुब्बा गुरुङ्ग्ज्यूको अध्यक्षतामा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समिति (सञ्चार तथा सूचना प्रविधि क्षेत्र) को मिति २०८१ चैत्र १७ गते बसेको बैठकबाट "सूचनाको हक प्रवर्द्धन, अनुगमन र क्षमता विकास कार्यक्रम संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने । प्रत्येक वर्ष भाद्र ३ गते राष्ट्रिय सूचना दिवस देशव्यापी रुपमा मनाउने व्यवस्था मिलाउने" निर्णय भएको छ । उक्त निर्णय कार्यान्वयनका लागि देहाय बमोजिम निर्णय गरियो:

क) सूचनाको हक प्रवर्धन, कार्यान्वयन, अनुगमन र क्षमता विकासमा सहयोग पुग्ने कार्यक्रमहरु सञ्चालन गर्न आ-आफ्नो निकायहरुको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्न प्रदेश तथा स्थानीय सरकारलाई अनुरोध गर्ने ।

ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ कार्यान्वयनमा आएको दिन २०६५ भाद्र ३ गतेको स्मरण गर्दै सूचनाको हक सम्बन्धी कार्यक्रम (अन्तरक्रिया, गोष्ठी, परिसम्वाद, छलफल लगायतका जनचेतनामूलक कार्यक्रमहरु) अब उप्रान्त सञ्चालन गरी राष्ट्रिय सूचना दिवस देशव्यापी रुपमा भव्यताकासाथ मनाउन संघ, प्रदेश तथा स्थानीय सरकारलाई अनुरोध गर्ने ।

निर्णय प्रमाणित
२०८२।२।२१

सचिव
राष्ट्रिय सूचना आयोग

राष्ट्रिय सूचना आयोग २०६४

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## श्रव्यदृश्य तथा प्रसारण शाखा

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८१/८२

च.नं. :- श्रव्य/२४२०

मिति :- वि.सं. २०८१/१२/२८

ने.स. :- ११४५ चौलाथ्व १३ बिहीवार

विषयः निर्णय कार्यान्वयन एवं प्रतिवेदन सम्बन्धमा।

श्री प्रशासन तथा योजना महाशाखा

श्री संचार महाशाखा

श्री फ्रिक्वेन्सी व्यवस्थापन महाशाखा

श्री सूचना प्रविधि महाशाखा

अन्तर्गतका निकायहरु

श्री राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाण्डौ।

श्री नेपाल दूरसंचार प्राधिकरण , जमल, काठमाण्डौ।

श्री राष्ट्रिय समाचार समिति , भद्रकालिप्लाजा, काठमाण्डौ।

श्री चलचित्र बिकास बोर्ड, चावहिल, काठमाण्डौ।

श्री नेपाल दूरसंचार कम्पनी लि. , भद्रकालिप्लाजा, काठमाण्डौ।

श्री प्रेस काउन्सील नेपाल, संचारग्राम, तिलगंगा।

श्री न्यूनतम पारिश्रमिक निर्धारण समिति, संचारग्राम, तिलगंगा।

श्री सुरक्षण मुद्रण केन्द्र , सिंहदरबार, काठमाण्डौ।

श्री विज्ञापन बोर्ड, बबरमहल, काठमाण्डौ।

श्री सांस्कृतिक संस्थान , जमल, काठमाण्डौ।

श्री सार्वजनिक सेवा प्रसारण नेपाल, रेडियो नेपाल, सिंहदरबार, काठमाण्डौ।

श्री सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजन , सिंहदरबार, काठमाण्डौ।

राष्ट्रिय सूचना आयोग
दर्ता नं.:- ६२९६
मिति :- २०८१/१२/२९

श्री प्रशासन
निर्णय नं. १२ आयोग(?) सम्बन्धित रहेकोले निर्णय कार्यान्वयन गर्न सम्बन्धमा आयोगको आगामी बैठकमा पेश गर्ने।
१२

प्रस्तुत विषयमा संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समिति (सञ्चार तथा सूचना प्रविधि क्षेत्र) को मिति २०८१/१२/१७ गते बसेको बैठकको निर्णयको प्रतिलिपि पाना सङ्ख्या-२(दुई) यसैसाथ संलग्न गरी उक्त निर्णय कार्यान्वयन एवं विषयगत समितिको सचिवालय (सञ्चार महाशाखा) मा नियमित प्रतिवेदन गर्नुहुन आदेशानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Dinesh Khanal
dinesh.khanal@gmail.com

(दिनेश खनाल)

शाखा अधिकृत

about:blank

## संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिमको विषयगत समिति (सञ्चार तथा सूचना प्रविधि क्षेत्र) को बैठकका निर्णयहरू

१. मिति २०७९ चैत्र २ गते सम्पन्न विषयगत समितिको बैठकमा भएका निर्णयहरुको समीक्षा गरियो।

२. प्रदेश तथा स्थानीय तहमा प्रयोग भएको रेडियो यन्त्रको लाइसेन्स रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ बमोजिम सूचना तथा प्रसारण विभागबाट लिने र यसरी प्राप्त गरेको लाइसेन्स प्रत्येक आर्थिक वर्ष सूचना तथा प्रसारण विभागबाट नियमानुसार नवीकरण गर्ने प्रबन्ध गर्ने।

३. नेपाल सरकारबाट सञ्चालित एकीकृत कार्यालय व्यवस्थापन प्रणाली र एकीकृत वेवसाइट प्रणाली लगायतका प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहको वडातहसम्म कार्यान्वयन गर्ने र तहगत सरकारका सूचना प्रविधि प्रणालीहरुबीच अन्तरआवद्धता कायम गर्ने।

४. प्रदेश तथा स्थानीय तहबाट सम्पादन हुने एउटै प्रकृतिका कार्यहरुको लागि एकीकृत सूचना प्रविधि प्रणाली बनाई सम्बन्धित सार्वजनिक सेवाहरु नागरिक एपसँग आबद्ध गरी कार्यान्वयन गर्ने।

५. एक स्थानीय तह एक हुलाकको अवधारणा अनुसार स्थानीय तहमा स्थापना भएका हुलाक कार्यालयको प्रभावकारी परिचालन गर्दै विद्युतीय व्यापारसँग आवद्ध गर्न तीनै तहबाट सहयोग, समन्वय र सहजीकरण गर्ने। तीनै तहका सरकारी निकायले सरकारी चिठीपत्र, कागजात, पुलिन्दा, लिखत लगायतका वस्तुहरू हुलाक मार्फत पठाउने। देशभरका हुलाक कार्यालयहरूका जग्गा, भवन तथा भौतिक सम्पत्तिको संरक्षण गर्न प्रदेश तथा स्थानीय तहले सहयोग र सहजीकरण गर्ने। आगामी आर्थिक वर्षमा काठमाण्डौको उपयुक्त स्थानमा EMS काउन्टर स्थापना गर्न हुलाक सेवा विभागले आवश्यक कार्य अगाडि बढाउने।

६. विज्ञापन बजारलाई व्यवस्थित गरी स्वच्छ व्यवसायिक वातावरणको निर्माण गर्दै प्रदेश सरकारको करको आधार विस्तार गर्न प्रदेश सरकारले विज्ञापनको अनुगमन तथा नियमन गर्ने निर्देशिका तयार गरी कार्यान्वयन गर्ने।

७. स्वच्छ, व्यवसायिक वातावरणको निर्माण गर्दै स्थानीय तहको करको आधार विस्तारको लागि स्थानीय तहलाई विज्ञापन सम्बन्धी ऐन बनाई कार्यान्वयन गर्न अनुरोध गर्ने। यसका लागि नेपाल नगरपालिका संघ र गाउपालिका राष्ट्रिय महासंघले समेत आवश्यक समन्वय र सहजीकरण गर्ने।

८. केही स्थानीय तहहरूले मोवाइल टावर स्थापना गर्ने क्रममा थप स्थानीय कर लिने गर्दा मोवाइल तथा दूरसंचार पूर्वाधार निर्माणमा कठिनाइ एवम् थप आर्थिक भार बढेकोले यस प्रकारको दोहोरो कर लिने व्यवस्था हटाउन स्थानीय तहले आवश्यक पहल गर्ने। ग्रामीण दूरसञ्चार विकास कोष परिचालन गरी स्थानीय तहको वडा कार्यालय, सामुदायिक विद्यालय र सामुदायिक स्वास्थ्य केन्द्रसम्म विस्तार भएको ब्रोडब्याण्ड सेवाको निःशुल्क सेवाको अवधि पश्चात सेवा निरन्तरको लागि स्थानीय तहले आवश्यक व्यवस्था गर्ने।

९. नेपालको भौगोलिक एवं सामाजिक सांस्कृतिक विविधताको अधिकतम उपयोग गरी मनोरम चलचित्र छायाङ्कन स्थलको पहिचान र प्रवर्द्धन गर्दै आन्तरिक र बाह्य पर्यटक प्रबर्द्धन मार्फत आन्तरिक आयको भरपर्दो स्रोतको रुपमा विकास गर्ने एवं चलचित्र क्षेत्रलाई उद्योगको रुपमा विकास गर्न संघ, प्रदेश र स्थानीय तहबीच नीतिगत र कार्यात्मक समन्वय गरी एकरुपता कायम गर्ने।

१०. संघ, प्रदेश र स्थानीय तहमा सञ्चार माध्यमको दर्ता, नवीकरण, अनुगमन तथा नियमनका साथै अन्य कार्यमा एकरुपता ल्याउने गरि नीतिगत व्यवस्था एवं कानूनको निर्माण गर्ने ।

११. देशको सम्पूर्ण भू-भागमा सार्वजनिक सेवा प्रसारण नेपालको प्रसारण पहुँच सुदृढीकरण र विस्तार गर्न प्रदेश र स्थानीय तहबीच सहकार्य गरी नीति तथा कार्यक्रम र बजेटमार्फत सम्बोधन गर्ने।

१२. सूचनाको हक प्रवर्द्धन, अनुगमन र क्षमता विकास कार्यक्रम संघ, प्रदेश र स्थानीय सरकारले आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने। प्रत्येक वर्षको भाद्र ३ गते राष्ट्रिय सूचना दिवस देशव्यापी रुपमा मनाउने व्यवस्था मिलाउने।

१३. संघ, प्रदेश र स्थानीय सरकारबाट स्वीकृत भएका कानूनको छपाई र सार्वजनिक प्रकाशनका लागि राजपत्र छपाईमा नियमितता र एकरुपता कायम गर्ने। सुरक्षण मुद्रण ऐन, २०८१ बमोजिम संवेदनशील सरकारी दस्तावेजको मुद्रण सुरक्षण मुद्रण केन्द्र मार्फत गर्न संघ, प्रदेश र स्थानीय तहलाई जानकारी गराउने ।

१४. राष्ट्रिय भाषा आयोगबाट सिफारिस भएका प्रदेश भित्र स्थानीयस्तरमा बोलिने प्रमुख मातृभाषाको समाचार तयार गर्न, प्रकाशन र प्रसारण मार्फत संरक्षण र सम्वर्द्धन गर्न प्रदेश सरकारबाट बजेट तथा कार्यक्रम मार्फत आवश्यक व्यवस्था गर्ने।

१५. प्रदेश सरकारका मन्त्रालय तथा स्थानीय तहमा रिक्त पदको कर्मचारी व्यवस्थापन गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने।

१६. विषयगत समितिको अर्को बैठक आगामी ३ महिना भित्र आयोजना गर्ने र यस बैठकका निर्णय कार्यान्वयनको अवस्था नियमित रुपमा अनुगमन गरी प्रतिवेदन गर्ने व्यवस्था विषयगत समितिको सचिवालयले गर्ने।

मितिः २०८१ चैत्र १७ गते आइतबार।
काठमाडौं, नेपाल।

०८१।१२।१६

मा. पृथ्वीसुब्बा गुरुङ
मन्त्री